Global IME
Capital Limited
ग्लोबल आइएमई क्यापीटल लिमिटेड
GROW WITH US

78422
Regd No. 1067/064/065

पत्र सं :IB/२१७/२०८२/०८३ चलानी नं.१६३१

मिति : २०८२/०५/१७

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्च लिमिटेड,
यूएनआई शान्ती मार्ग, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय : ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१ को इकाईधनीहरुको दर्ता किताब बन्द गरिने सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको योजना व्यवस्थापनमा सञ्चालित श्री ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१ का इकाईधनीहरुलाई योजनाको आर्थिक वर्ष २०८१/०८२ को प्रतिफलबाट १२ प्रतिशत (कर सहित) का दरले हुन आउने नगद लाभांश बितरण गर्ने निर्णय भए अनुसार सो प्रयोजनार्थ यही मिति २०८२ भाद्र २७ गते शुक्रबार १(एक) दिन इकाईधनीहरुको दर्ता किताब बन्द गरिने व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौ ।

साथै, तहाँको जानकारीका लागि उक्त सूचनाको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध गर्दछौ ।

भवदीय,

Global IME Capital Limited
Kathmandu, Nepal

.........................
मनिन्दप लुइटेल
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ

१ श्री कोष सुपरिवेक्षक, ग्लोबल आइएमई ब्यालेन्स्ड फण्ड-१ ।

२ श्री कोष प्रबर्द्धक, ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी काठमाण्डौं ।

# ग्लोबल आइएमई ब्यालेन्सड फण्ड–१ को इकाईधनी दर्ता किताब बन्द हुने बारेको सूचना

ग्लोबल आइएमई बैंक लि. कोष प्रवर्द्धक तथा यस कम्पनी योजना व्यवस्थापक रहेको ग्लोबल आइएमई म्युचुअल फण्ड अन्तर्गत सञ्चालित **ग्लोबल आइएमई ब्यालेन्सड फण्ड–१** को योजना व्यवस्थापकको मिति २०८२/०५/१६ गते सोमवार बसेको संचालक समितिको १९४औं बैठकको निर्णयानुसार आर्थिक वर्ष २०८१/०८२ को मुनाफावाट इकाईधनीहरुलाई बाह्र (१२) प्रतिशत (कर सहित) का दरले योजनाको प्रतिफल वितरण गर्ने प्रयोजनको लागि योजनाको इकाईधनी दर्ता किताब **मिति २०८२ भाद्र २७ गते शुक्रबार एक (१) दिन**का लागि बन्द हुने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ। इकाईधनी दर्ता किताब बन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म दोश्रो बजारमा कारोबार भई प्रचलित कानुन बमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरुले नगद प्रतिफलको हकदार हुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गराईन्छ।

साथै, खरीदकर्ता दलाल सदस्यहरुले पनि यसै सूचनालाई आधारमानी CM Pool Account मा इकाई नराखि सम्बन्धित खरीदकर्ता इकाईधनीहरुको हितग्राही खातामा इकाई Transfer गरि सहयोग गरि दिनु हुन अनुरोध गरिन्छ। अन्यथा सो को जिम्मेवार यस कम्पनी नहुने व्यहोरा समेत अनुरोध छ।

---

**नोट**: ग्लोबल आइएमई ब्यालेन्स फण्ड-१ (Global IME Balanced Fund - I) ले इकाईधनीहरुलाई आर्थिक वर्षहरु २०७९/८० र २०८०/०८१ को मुनाफावाट वितरीत ५% नगद लाभांश हालसम्म पनि लिन बाँकी रहेका इकाईधनीहरुको विवरण योजना व्यवस्थापक/डिपोजिटरीको वेभसाइट: www.globalimecapital.com.np मा राखिएको व्यहोरा जानकारी गराउँदै नगद लाभांश लिन बाँकी रहेका इकाईधनीहरुले यसै सूचनालाई आधार मानी यथाशिघ्र हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्नुहुन तथा हितग्राही खातमा इकाई जम्मा नभएका इकाईधनीहरुले यस कम्पनीमा सम्पर्क राख्नुहुन अनुरोध।

**योजना व्यवस्थापक/डिपोजिटरीः**

Global IME Capital Limited

**ग्लोबल आइएमई क्यापिटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०८२/०५/१८ गतेको नागरिक दैनिकमा प्रकाशित।